# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २० गते ०९ साल

## भाग ६

## निर्वाचन सम्बन्धी सूचना

यही श्रावण १० गतेका दिन ल. पु. नगर पञ्चायतको चुनावको निमित्त मतदाताहरूको नाम नमेसीको फिरीस्त १० दिनसम्म सबै जनताहरूले हेर्न पाउने गरी जुन जुन वडाको फिरीस्त हो सोही सोही वडामा टाँसिएको छ ठिक त्यस्तै भक्तपुरमा पनि मतदाताहरूको नाम नमेसीको फिरीस्त यही श्रावण १३ गतेदेखि टाँस्ने काम भैसकेको छ। मतदाताहरूको सूचिमा चित्त नबुझ्नेले नाम छुटेको छ भनी अथवा नगर पञ्चायतको ऐन अनुसार मत दिन नपाउने ( क ) हावा बिग्रेका ( ख ) महारोगी ग ) टाटउल्टी ऋण तिर्न नसकी साहूको दाभासाहीमा परेका ( घ ) चुनाव सम्बन्धी केही अपराध गरी सजाय पाएका ( ङ ) कुनै अपराधमा ६ महीनाभन्दा बढ्टा कैद सजाय पाएका वा तोकिएका र आइन्दालाई असल चालचलनको निमित्त जमानत राख्न पर्ने भएका ( च ) भिक्षामागी जीविका चलाउने वा भिक्षा माग्ने पेशा नछाडेका ( छ ) सर-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कारबाट हदभएको सँस्थाको सदस्यहरूको कसैको नाम सूचिमा लेखिएको भए ललितपुरमा भए यही श्रावण १८ गतेसम्ममा इलेक्शन अफिसर ललितपुर नगरपञ्चायत अड्डामा र भक्तपुर भए यही श्रावण २२ गतेसम्ममा इलेक्शन अफिसर भ. पु. नगर पञ्चायतमा आफ्नू आफ्नू उजूर पेश गर्न जानुहोला ललितपुरमा इलेक्शन अफिसर नगर पञ्चायत अड्डामा दिनको ११ बजेदेखि १२ बजेसम्म उपस्थित रहने छन् र भक्तपुरमा इलेक्शन अफिसर दिनको १ बजे देखि २ बजेसम्म उपस्थित रहने छ।

उजुरी पेश गर्ने सज्जनहरुले इलेक्सन अफिसर भएको बखतमा इलेक्शन अफिसरको हातमा दिनु होला इलेक्शन अफिसर उपस्थित नभएको बेलामा उजुरी भनी लेखेको चिठ्ठीको बाकसमा खसाल्नु होला कुनै किसिमको उजुरी परेमा ३ दिनसम्म यस्तो उजुरको नकल सबै जनताहरूले हेर्न पाउने गरी नगर पञ्चायत र जुन जुन वडाको फिरीस्त बारे परेको हो सो सो वडामा राखी दिनेछन्। कुनै किसिमको उजुरी नपरेमा सोही फिरीस्त अन्तिम फिरीस्त ठहर्छ सो अन्तिम फिरीस्त नगर पञ्चायत अड्डामा र वडा वडामा समेत राखिनेछ। निर्वाचनको मिति समय र ठाउँपछि प्रकाश हुनेछ निर्वाचन अफिसरले निर्वाचन हुने १० दिन अघि नै यो वडामा उमेदवार सदस्यले ३ दिन भित्रमा निर्वाचन अफिसर कहाँ दरखास्त हाल्नु भनी सार्वजनिक सूचना दिनेछ दरखास्त आफैले वा आफ्नू वारीस द्वारा आफ्नू वडाको १५ मताधिकारीहरुको सहीछाप परेको हुनुपर्छ दरखास्तको साथै मोरु ५०। पनि धरौट राख्नु पर्दछ निर्वाचनमा जम्मा मतको ३ खन्डको १ खन्ड मत पाउँन नसके निजले राखेको धरौट जफत हुनेछ। उमेदवारमा इजाजत पाउन नसक्नेले दरखास्त हालेमा निजलाई मोरु १ देखि १० सम्म जरीवाना गरिनेछ निर्वाचन अफिसरले गरेको फैसलामा चित्त नबुझनेले २ दिन भित्र इलेक्शन त्रिबुनलमा उजुर गर्न सक्तछ। निर्वाचनको नतीजा प्रकाश भएपछि जफत हुनेको धरौट बाहेक अरू फिर्ता पाउनेको धरौट दरखास्तवाला वा निजको हकदारलाई सकेसम्म चांडो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फिर्ता दिइनेछ मत दिने टिकटमा नगरपञ्चायतको निस्सा र वडाको नम्बर लागेको हुन्छ र प्रत्येक वार्डमा जती उमेदवार सदस्य निर्वाचनलाई खडा छन् उति वटा बाकस राखिनेछ यी बाकसहरु बेगला बेगलै रंगको हुनेछ र एक एक बाकसमा एक एक जना उमेदवार सदस्यको बाकसको कुन रंग छ सो निजले बुझन आएमा एक हप्ता अगाडि नै निजलाई थाहा दिइनेछ मत खसाल्ने बाकसहरू एक छुट्टै एकान्त ठाउँमा राखिनेछ मताधिकारीलाई मत दिन पठाउँदा पनि एक एक गरी पठाईनेछ र अरू कसैलाई जान दिइने छैन। मत दिने टिकट निर्वाचनलाई तोकिएको समय भर मात्र दिइनेछ त्यसपछि मताधिकारीहरु आए पनि टिकट बांडिने छैन।

माथि लेखिएका नियम विरूद्ध कुनै मताधिकारीका नामको फिरीस्त वा अरू कुनै कागजमा अदल बदल गरेमा निर्वाचन अफिसर या निरीक्षकको काममा बाधा रोकावट गरेमा, कुनै नचिनेको मताधिकारीलाई चिनेको हो भनी सहिछाप गरेमा निर्वाचनको काममा खटिएको कसैले विना इजाजत कसैले कसलाई मत दियो वा कसैले कतमत पायो इत्यादि कुरा अरूलाई थाहा दिएमा यस नियम मुताविक ग-एको सूचना इस्तिहार इत्यादि कसैले च्यातेमा बिगारेमा या झुट्टा नामले मत दिन आएमा वा दिई गएमा र खटिएका कर्मचारी वा नगर पंचायत कर्मचारीले पनि यस नियमको विरूद्ध कुनै गर्न नहुने काम गरेमा मोरू १०० सम्म जरीवाना हुनेछ। निर्वा-चनमा कसैले प्रष्ट या अप्रष्ट आफू वा अरू कोही मानिस लगाई करबलले वा हानी नोक्सानी गर्न धम्की दी वा घुस दिया कुनै नोकरी दिने आशय देखाई वा अरू किसिमसँग इनाम बक्स दिने लालचा देखाई कुनै मतादातालाई कुनै उमेदवार सदस्यको पक्षमा मत दिन लगाउन वा निज मतदाताले मत दिन खोजेको सदस्यको पक्षमा मत दिन रोक्न हुँदैन सो गरेमा ठहर्न आएमा त्रिबुनलको तजविजले रु १००। सम्म जरीवाना हुनेछ माथि लेखिएबमोजिम सदस्य हुन नपाउने कुनै सदस्य छानिएको रहेछ भने निज छानिएको ठहरिने छैन। मनाही गरिएका कुनै सदस्य छानिएको हो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

402

भन्ने व्यहोराको उजूर रु ५० धरौट साथ निर्वाचन भएको १५ दिनभित्रमा कुनै प्रतिद्वन्दी उमेदवार वा सोही वडाको १० जना मतदाताहरूले त्रिबुनलमा गर्न हुन्छ। त्रिबुनलले पनि सबुत प्रमाण बुझी मनासिब ठहरेमा सो वडाको निर्वाचन रद्द गरी अर्को निर्वाचन गर्न वा निजको भन्दा कम मत पाउने अर्कोलाई मुकरर गर्न वा जो गर्न उचित ठहराउँछ सो कारवाही गर्न नगर पंचायतमा अडर पठाउनेछ र बादीले राखेको धरौट पनि फिर्ता दिने अडर गर्नेछ तर माथि लेखिएबमोजिमको उजूर मन्त्रालयले सदर नगरेमा बादीले राखेको धरौट रु ५० जफत गर्नेछ र प्रति वादीलाई यस मुद्दालाउन लागेको हरजाना भनी रु ५० सम्म भराई दिनेछ ।

गोरखापत्र छापाछानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।